लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

दफा नं.	भौ.नं., मिति र व्यहोरा
	परिचय : नेपालको संविधानको धारा २९५ को उपधारा ३ मा व्यवस्था भए अनुसार गाँउपालिका तथा नगरपालिकाहरु मिति २०७३।११।२७ गते नेपाल सरकारको निर्णय नेपाल राजपत्रमा प्रकाशित भई क्रियाशिल भए पश्चात यस बाणगंगा नगरपालिका बनेको हो । यस नगरपालीका अन्तर्गत ११ वटा वडा कार्यालय रहेको छ ।
1.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ अनुसारप्रत्येक स्थानीय निकायको आय व्यय लगायतत्यस्तो निकायको मातहतका कार्यालयको लेखा अद्यावधिक गरी आन्तरिक लेखापरीक्षणगराई आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दाअगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेशगरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी त्यसको प्रमाण सम्बन्धित लेखासँगसंलग्न गरी लेखा अद्यावधिक गराई राख्नु अधिकार प्राप्त अधिकारी र आर्थिक प्रशासनशाखा प्रमुखको दायित्व हुने उल्लेख छ । कार्यालयले वाह्य दर्तावाल लेखापरीक्षकबाट गराएकोमा वित्तीय विवरण प्रस्तुति र लेखा अभिलेखहरु अध्यावधिक र दुरुस्त राख्न लगाएको र राखेको पाइएन । नियमानुसार आन्तरिक लेखापरीक्षण गराई स्रेस्ता अद्यावधिक गर्नु पर्दछ ।
2.	**आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालियको वार्षिक आर्थिक कारोवार परीक्षण गर्दा देहायको क्षेत्रमा कमि कमजोरी देखिएका छन : • **बर बुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को पत्रानुसार आर्थिक कारोवार तथा खाता संचालन सम्बन्धी परिपत्रको दफा १७ बमोजिम गाँउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका निकायको पेशकी तथा बेरुजु अभिलेख समायोजन भएका निकायमा कायम गरी फछ्र्यौट गराउनु पर्ने । • **खरिद योजना :** सार्वजनिक खरिद ऐनको दफा ६ र ८ अनुसार खरिद योजना तयार तथा खरिद विधि छनौट गरी मितव्ययीता अपनाई आर्थिक कारोवार गर्नु पर्ने । • **बैंक हिसाव मिलान :** कार्यालयले प्रत्येक महिना खाताको बैंक स्टेटमेण्ट प्राप्त गरी स्रेस्ता बाँकी रकम र बैंक बाँकी रकम मासिक रुपमा भिडाई हिसाव मिलान गर्नु पर्नेमा सो विवरण तयार गर्नु पर्ने । • **जिन्सी निरीक्षण :** कार्यालयले जिन्सी निरीक्षण गराई आवश्यक कारवाही गरी तोकिएको ढाँचामा जिन्सी खाता अद्यावधिक गर्नु पर्ने । • **आन्तरिक आय तर्फ :** आर्थिक वर्ष शुरु भएपछि प्रयोग भएका नगदि रसिदको क्रमसंख्या खुलाई प्रयोगको निकायको बैठकबाट निर्णय गराई शुरु गर्नु पर्ने, आन्तरिक आय बृद्धि तर्फ सम्भावना हेरी ध्यान दिने र दोहोरो लेखा प्रणाली अनुसार आयको लेखा राख्नु पर्ने । • **उपभोक्त समिति :** उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गिकरण र सूचीकृत गरी उनीहरुको लगत अद्यावधिक गर्नु पर्ने, श्रम प्रधान प्रविधिको प्रयोग हुने योजनाहरु मात्र उपभोक्ता समिति मार्फत निर्माण गराउने, उपभोक्ता समितिबाट प्रस्तुत गरी नियममा भएको व्यवस्थाको पालना गर्ने । • सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको अनुसूची ११ बमोजिम भत्ता, बृत्ति र अनुदान पाउनेको मूल अभिलेख अधिल्लो वर्ष अद्यावधिक गरी भुक्तानी व्यवस्था सरलिगत गर्ने । • **अनुगमन :** निकायबाट दिएको अनुदान रकमको खर्च र उपलब्धिको सम्वन्धमा आश्वस्त हुन प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त गर्नु पर्ने । लक्षित वर्गमा विनियोजित रकमको खर्च गर्दा प्रभावकारी अनुगमन गर्नु गराउनु पर्ने आदि । उपर्युक्तानुसार कार्यालयको काम कारवाहीलाई विश्वसनीय र प्रभावकारी बनाउन ऐन, नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।
3.	**स्रोत नक्शा :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ११२ ले नगरपालिकाले आफ्नो क्षेत्रको विकासका लागि स्रोत नक्शा अद्यावधिक गरी राख्नु पर्ने भएपनि उक्त नक्शा अद्यावधिक गरी राखेको देखिएन ।
4.	**सार्वजनिक जग्गा :** नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत अद्यावधिक गरी राखेको देखिएन । उक्त लगत अद्यावधिक गरी राख्नु पर्दछ ।
	ब.उ.शि.नं.३६५८१७३ (नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम) :
5.	**लागत सहभागिता :** नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ अनुसार दफा ५ मा आयोजनाको कूल लागत रु. ५० लाख र सो भन्दा बढीको हुने उल्लेख छ । यसै गरी कुल लागत मध्ये सडक पक्की नाला र पक्कि ढलमा नेपाल सरकार तथा न.पा./उपभोक्ताको अंश क्रमशः ५०-५०% हुने उल्लेख छ । कार्यालयले बजेट अख्तियारीको निर्देशानुसार उपभोक्ता समुदायको ५० प्रतिशत न्यून लागत सहभागिता लिई निम्नानुसार कार्य सम्झौता गरेकोमा कार्यान्वयन स्थिति निम्नानुसार छ ।

कार्य विवरण	लागत सहभागिता	आयोजना लागत	खुद कार्य मूल्यांकन
राजपुर नन्दनगर सडक	१६-२०७४।३।३० नेपाल सरकार	२८४३२६९।००	५६८६५३९।००
	नगरपालिका	११३७३०७।००	
	उपभोक्ता	१७०५९६१।००	
बिधुत बजार देखि गजेडा बजार सडक	नेपाल सरकार	२८४१३९२।००	५६८२७८४।००
	नगरपालिका	११३६५५७।००	
	उपभोक्ता	१७०४८३५।००	
बण्डौली मधुबन कालोपत्रे सडक	नेपाल सरकार	२८३९९७२।००	५६७९९४३।००

दफा नं.	भौ.नं., मिति र व्यहोरा			
		नगरपालिका	११३५९८८।००	
		उपभोक्ता	१७०३९८३।००	
	अन्नपुर्ण सडक योजना	नेपाल सरकार	२८४१०५८।००	५६८२९१७।००
		नगरपालिका	११३६४२३।००	
		उपभोक्ता	१७३३३२२।००	
	लौगाइ सडक	नेपाल सरकार	२८३९३२७।००	५६७८६५४।००
		नगरपालिका	११३५७३०।००	
		उपभोक्ता	१७०३५९६।००	
	सुठौली भाटा भगलापुर सडक	नेपाल सरकार	२८३९४९२।००	५६७८९८४।००
		नगरपालिका	११३५७९६।००	
		उपभोक्ता	१७०३९५।००	
	हथैसा सडक	नेपाल सरकार	२८४१६६९।००	५६७८९५४।००
		नगरपालिका	११३६६८।००	
		उपभोक्ता	१७०५००१।००	

नगरपालिकाले उक्त कार्यविधि अनुरुपको लागत सहभागिता जुटाई कार्य गर्ने व्यबस्था हुनु पर्दछ ।

6. **नक्सा पास :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा १५३ मा नगरपालिकाले जाँचवुझ गर्ने तथा दफा १५६ मा भवन निमार्ण गर्न नक्सा पास गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माणको अनुमति दिने सम्वन्धमा शुरुवाती प्रकृयामा रहेको र यो वर्ष रु. २६३०५७७१७ मात्र आम्दानी गरेको देखिन्छ । यसवाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने नगरपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गरी आय स्रोत बृद्धि तथा कार्य दक्षता अभिबृद्धि गर्नु पर्दछ ।

7. सार्वजनिक खरिद नियमावली २०६४को नियम ४७ मा प्राविधिक काममा प्रयोगमा ल्याईने मालसामान को हकमा सम्कन्धित कर्मचारीबाट जचाइ के कस्तो मालसामान प्राप्त भएको हो सोही अनुसार भुक्तानी दिनु पर्नेमा निम्न अनुसारका सामान खरिदको आधारमा भुक्तानी दिएको पाईयो । निम्नानुसारका सामान खरीद गर्दा प्रयोजन नखुलेको, जिन्सि दाखिला नभएको र उक्त सामान कार्यालयमा जडान भई प्रयोगमा रहेको खुल्ने प्रमाण समेत नदेखिएको हुदा कार्यालयले उक्त सामान प्रयोजन खुल्ने बिबरण तयार गर्नु गर्दछ ।

व.उ.शि.नं	भौ.नं	मिती	आपूर्तक	सामान बिबरण	भुक्तानी रकम रु
ल.जि.सि.डि.पी	३८	२०७४.३.९	वुद्ध कम्प्यूटर सप्लायर	कम्प्यूटर नेटवर्किङ	१००००००।००
"	४३	२०७४.३.२०	आस्था इलेक्ट्रोनिक्स	विद्युतिय सामान	४९१५५।००
"	"	"	शर्मा इलेक्ट्रोनिक्स	विद्युतिय सामान	११०००।००
"	"	"	वाणगंगा लाइट एण्ड साउण्ड	विद्युतिय सामान	७७९०।००

8. **परीक्षण प्रतिवेदन** :निर्माण कार्यको विश्वसनियता एवं मजबुतिको लागि विभिन्न टेष्टहरु गरी टेष्ट रिपोर्ट निर्माण व्यवसायीले प्रमाणको लागि पेश गर्नुपर्ने हुन्छ । भर्लावास पडेरीया पिनुवा सडक कालोपत्रे गर्ने कार्यको लागि कृति कन्सट्रक्सनलाई कार्यसम्पन्न गरी भौ.नं. ३६३। ०७४।३।२९ वाट रु.३४१०३१४ भुक्तानी लिएकोमा संझौता अनुसार निजले निम्न परीक्षण वापत समेत रु. १८,४३२।५० लिएकोमा परीक्षण रिर्पोट पेश हुन आएको छैन ।

विवरण	भुक्तानी रकम
सडकको CBR Test	६३५०।००
कंक्रीट क्युब परीक्षण	९२२५।००
विटुमिन परीक्षण	२८५७।००
जम्मा :	१८४३२।००

9. **नगद कारोवार :** महालेखा नियन्त्रक कार्यालयको परिपत्र एवं खर्च संचालन निर्देशिका अनुसार रु १००००। भन्दा वढीको भूक्तानी -(हाल सम्पूर्ण भूक्तानी) सम्वन्धीत सेवा आपूर्ति कर्तालाई एकाउण्टपेइ चेकको माध्यमवाट भूक्तानी दिनु पर्दछ । कार्यालयले निम्नानुसार व्यक्तिलाई नगद भुक्तानी दिई कारोवार गरेको देखियो । आइन्दा यसमा सुधार हुनुपर्दछ ।

भौ. नं. मिति	विवरण	कारोवार रकम
२९।०७४।३।२५	पुस्तकालय निर्माण	४७२५५।००

दफा नं.	भौ.नं., मिति र व्यहोरा

२७८।०७४।३।२५	थारु संस्कृति संरक्षण	५००००।००
२६५।०७४।३।२५	क्षमता अभिवृद्धी समुह	५०११७।००
१९३।०७४।२।३१	आदीवासी उत्थान समिति	५००००।००
	जम्मा :	१९७३७२।००

10. **उपभोक्ता समिति :** सार्वजनिका खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउने व्यवस्था छ । सोही नियममा श्रम प्रधान प्रविधिको प्रयोग हुने योजना मात्र उपभोक्ता समिति मार्फत निर्माण गराउनु पर्दछ । उपनियम (९) र (१०) अनुसार उपभोक्ता समितिबाट संचालित निर्माण कार्यमा डोजर, एक्साभेटर जस्ता हेभी मेशिनहरु प्रयोग गर्नु परेमा सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्ने र सब कन्ट्राक्टरबाट गराउन नमिल्ने व्यवस्था छ । सोही नियमावलीको नियम १९ मा स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेकासंग सेवा लिई नियमानुसार विजक प्राप्त गरी भुक्तानीमा अग्रिम कर कट्टा गर्नु पर्दछ ।

कार्यालयले निम्नानुसार उपभोक्ता समूहलाई विभिन्न सडकमा ट्याक खोल्ने लगायतका कार्यमा उपभोक्ताले मेशिन (JCB),ग्रेडर मेशिन आदी लगाई बाटो खन्ने कार्य गरेकोमा रकम भुक्तानी दिंदा भाडा कर (१०%) कट्टी गरेको छैन । साथै मेशिन संचालकले विजक समेत दिएको नदेखिँदा रितपूर्वक भएको छैन । यसर्थ मेशिन भाडामा ल्याई गरेको कार्यको प्राविधिक मूल्यांकन प्रतिवेदनको आधारमा मात्र भुक्तानी गर्दा भाडा कर रकममा उपभोक्ता समुदायलाई जिम्मेवार बनाउन नगरपलिकाले ध्यान दिनुपर्नेमा सो गरे गराएको पाइएन । जसले गर्दा राजस्व असुली रु. ७५,१००।०० नोक्सान पर्न गएको छ । आइन्दा उपभोक्ता समूह, लागत इष्टिमेट, कार्यसम्पन्न, भुक्तानी र कर कट्टीमा विशेष ध्यानाकर्षण हुनु पर्ने देखिन्छ

भौ.नं. । मिति	विवरण	भुक्तानी रकम	कर
३६७।०७४।३।२९	भलोवास पडेरीया सडक उ.स.	२१६०००।००	२१६००।००
२८६।०७४।३।२५	दर्खास्त प्रतिक्षालय	२१००००।००	२१०००।००
२५२।०७४।३।९	मधुवन विचलनी सडक	७००००।००	७०००।००
१८२।०७४।२।२८	पिपरा चौदारी उ.स.	२५५०००।००	२५५००।००
	जम्मा :	७,५१,०००।००	७५,१००।००

11. **वढी भुक्तानी :** निर्माण कार्यको भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन उपभोक्ता समितिमा विल आदिलाई आधार लिई भुक्तानी गर्नु पर्दछ । कार्यालयले निम्न उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा वढी भुक्तानी भएको रु. ६२८८२। असुल हुनुपर्दछ ।

भौ.नं. । मिति	विवरण	भुक्तानी हुनुपर्ने	भएको	बढी
२८२।०७४।३।२५	वनगाइ चौराहा नाली निर्माण	२००००००।००	२१००००।००	१००००।००
३२१।०७४।३।२५	चौवाहा जिनुवा सडक ग्राभेल	५५२८८२।००	६०५७६४।००	५२८८२।००
	जम्मा :	७५२८८२।००	८१५७६४।००	६२८८२।००

12. **खर्च प्रमाण :** उपभोक्ता समितिवाट काम गराउदा काम गरेको थप पुष्टयाईको लागि निजले निर्माण कार्य गर्दा उपभोक्ता समितिवाट खरिद भएको निर्माण सामग्रीको विल भरपाइ राख्नु पर्दछ । कार्यालयले निम्न उपभोक्ता समितिलाई रकम भुक्तानी गरेकोमा ती सामान खरीदको विल राखेको पाइएन । आइन्दा उपभोक्ता समितिवाट काम गराउदा काम गरेको थप पुष्टयाईको विल राख्ने व्यवस्था हुनुपर्दछ ।

भौ.नं. । मिति	विवरण	विल पेश रकम
१४१।०७४।२।१९	बिटुमिन वापत खर्च गरेको रु . २,३४,०९०।	१,८१,७८८।
२८६।०७४।३।२५	हयुम पाइप प्रयोग रु. ८३,७९,३।	विल नभएको

६०२११०३ तर्फ :

नगरपालिका ससर्त अनुदान तर्फ :

13. **पेश्की फछ्र्यौटः-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले मिति २०७४ आषाढ २९ को संझौता अनुसार निर्माण व्यवसायी श्याम सुन्दर एण्ड जे. भी. लाई भवन निर्माण वापत भौ.नं.७।०७४।३।२९ वाट रु.५,३,००,०००। मोविलाईजेशन पेश्की दिएकोमा नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

14. **दमकल खरिद :** दमकल खरिदको लागि रु. ६०,००,०००। को बजेट व्यवस्था भएकोमा यस वर्ष रु. ५१,००,०००। मा इजीग्रुप स्यानयो सप्लायर्स वाट दर प्रतिस्पर्धा गराई १ वटा दमकल खरिद भएकोमा देखिएको व्यहोरा देहाय अनुसार छ ।

(क) कार्यालयले दमकललाई राख्ने उचित स्थान चाहिने दक्ष जनशक्ति को व्यवस्थापन गरी दमकल संचालनलाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

(ख) खरिद भएको दमकलको नम्बर प्लेट हालसम्म पनि भारतीय नम्बरमा नै रहेकोले यसलाई नेपाली नम्बर प्लेटमा वदल्नुपर्ने देखिन्छ । साथै नम्बर प्लेट भातीय नै रहेको हुदा उक्त सवारीसाधन को बिमा हुन नसक्ने देखिनछ ।

बेरुजु फछ्र्यौट तथा सम्परीक्षण : आर्थिक कार्यविधि नियमावलि ऐन, २०५५ को दफा १८ बमोजिम प्रमाण पेश गराई,नियमित गरी र असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र दफा १९ बमोजिम लेखा परीक्षण हुदां देखिएको व्यहोरा जानकारी प्राप्त भएको ३५ दिनभित्र असूल फछ्र्यौट गरी संपरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. २०७२।७३ सम्मको कुल बेरुजु रु.२२४०७४१।०० रहेकोमा बाँकी बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउन पर्दछ ।

स्रोत उपयोग र उपलब्धिको विवरण

क्र.सं.	स्रोत		मुख्य उपलब्धिहरु	
१	कुल आय	४१७०३८०३३।९५	बजेट खर्च	२३१३२८३५७ ।४७
२	कर्मचारी संख्या	दरबन्दी : ३५ पदपुर्ति : २४ स्थायी, ४ अस्थायी/करार ५५ जनप्रतिनिधि	स्थानीय तहको आम्दानी	३२०८३६४०।०६
३	भौतिक पूर्वाधार:		धरौटी आम्दानी	१३५४१४३।००
	• भवन संख्या	..... भवन (मौजुदा वडासमेत)	सेवा प्रवाह : जन्म दर्ता ,मृत्य दर्ता विवाह दर्ता ३२६, बसाई सराई दर्ता सम्बन्ध विछेद दर्ता,घरजग्गाको लगत, नक्शा पास , नगर बिकास सम्बन्धि क्रियाबलाप	
	• सवारी साधन संख्या	गाडी १ थान दमकल १ थान मो.साइकल ४ थान.		

बेरुजू वर्गीकरण

क्र.सं.	बेरुजू वर्गीकरण	दफा नं.	रकम
१	असुल गर्नुपर्ने	११	६२८८२।००
२	नियमित गर्नुपर्ने		
	• अनियमित भएको		
	• प्रमाण कागजात पेस नभएको	८	१८४३२।००
	• जिम्मेवारी नसारेको		
	• शोधभर्ना नलिएको		
३	पेश्की:		
	• कर्मचारी		
	• मोबिलाइजेसन	१३	५३००००००।००
	• प्रतीतपत्र		
	• संस्थागत		
४	सैद्धान्तिक	१,२,३,४,५,६,७,९,१०,१२,१४	
			५३८१३१४।००